"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा

कोशी प्रदेश, नेपाल

फोन: ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

### धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्ने सम्बन्धमा दमक नगरपालिकाको सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२३)

श्री जिल्ला प्रशासन कार्यालय, झापाको मिति २०८२/१०/२२ मा यस कार्यालयमा प्राप्त पत्रानुसार तराई तथा मधेशका केही जिल्लाहरुमा केही समय अघि घटेका धार्मिक सहिष्णुता एवम् सामाजिक सद्भावमा गम्भीर खलल पुर्याउन सक्ने घटनालाई मध्यनजर गर्दै सो किसिमका घटनाहरु यस नगर क्षेत्रमा हुन नदिनका लागि आज मिति २०८२ साल माघ २३ गते विभिन्न राजनैतिक दलका प्रमुख /प्रतिनिधिहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, विभिन्न धार्मिक संघसंस्था तथा उद्योग वाणिज्य संघका प्रतिनिधिहरु समेतको उपस्थितिमा दमक नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा दमक नगरपालिकाको सभाहलमा बसेको बैठकबाट देहायबमोजिम निर्णय भएको हुँदा नगरबासी नागरिकहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिलः

- २०८२ साल फागुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई निष्पक्ष र भययुक्त बातावरणमा सम्पन्न गर्नका लागि निर्वाचन आयोगद्धारा जारी गरिएको आचार संहिता सबैले पालना गर्ने / गराउने साथै निर्वाचनलाई सफल बनाउन सबैले आ आफ्नो तर्फबाट योगदान गर्ने।
- नगरक्षेत्र भित्र धार्मिक सहिष्णुता एवम् सामाजिक सदभावमा गम्भिर खलल पुर्याउने नकारात्मक प्रचार प्रसार गर्न सक्ने एवम् एक अर्का विरुद्ध हिसां उत्पन्न गर्न उक्साउने जस्ता कार्यहरु हुन सक्ने अवस्थालाई मध्यजनर गर्दै यस्ता गतिविधि हुन नदिन सबैले आ आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने।
- कुनै भाषा, धर्म, संस्कृती, वर्ग, समुदाय, जातजाती प्रति लक्षित गरी नकारात्मक अभिव्यक्ति नदिने।
- नगरक्षेत्रभित्रको शान्ति सुरक्षामा खलल पुर्याउने, कुनै शंकास्पद वा अवाञ्छित गतिविधि भएको पाईएमा त्यस्ता गतिविधि / क्रियाकलापहरुमा निगरानी गरी प्रचालित कानून बमोजिम कारवाहीको दायरामा ल्याउन सम्बन्धित निकायहरुलाई सहयोग पुर्याउने।
- विद्युतिय माध्यम वा सामाजिक संजालको प्रयोग गरी शान्ती सुरक्षामा खलल पुर्याउने, धार्मिक सहिष्णुता एवम् सामाजिक सद्भावमा असर पुर्याउने खालका प्रचार प्रसार, अभिव्यक्ति वा क्रियाकलाप नगर्ने / गर्न नदिने र यस्ता क्रियाकलाप विरुद्ध कानून बमोजिम कारवाही गर्न सम्बन्धित निकायहरुलाई सहयोग पुर्याउने।
- सुसंस्कृत, सभ्य र सदभावपूर्ण समाजको स्थापना गर्न सबैले आ- आफ्नो तर्फबाट आपसी भाईचारा, सामज्जस्यता र सहकार्य गर्ने / गराउने।
- निर्बाचनको सुरक्षा अवस्थालाई मध्यनजर गरी पूर्व पश्चिम राजमार्गको बजारक्षेत्रमा निर्वाचन लक्षित प्रचार प्रसारका लागि मञ्च निर्माण गरी आमसभा, सम्मेलन नगर्ने / नगराउने। अन्यक्षेत्रमा गर्नुपर्ने भएमा प्रशासनको पूर्व स्वीकृति लिएर गर्ने।
- फागुन २१ गते हुने निर्वाचनको सुरक्षा अवस्थालाई थप सुद्दृढ बनाउन दमक नगर क्षेत्रमा अत्यावश्यक सेवा बाहेक अन्य होटल, व्यवसायहरु तथा मदिराजन्य पदार्थको विक्री वितरण बेलुका १०.०० बजेबाट पूर्ण रुपमा बन्द गर्ने / गराउने।
- दमक नगरपालिका क्षेत्रमा बेलुका १०.०० बजे पश्चात अत्यावश्यक सेवा बाहेक अन्य सवारी साधनहरु नचलाउन आग्रह गर्ने।

रामकुमार थापा
नगर प्रमुख
दमक नगरपालिका